AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मिति: २०८१ मंसिर २०

**सर्कुलर ३ !!!**

## विषय : ३३ औं साधारण सभामा सहभागिताका लागि महत्त्वपूर्ण जानकारी।

एम्नेस्टी इन्टरनेसनल नेपालको तेत्तिसौं साधारण सभामा सहभागी हुनुहुने सबै प्रतिनिधि र पर्यवेक्षकज्यूहरू,

एम्नेस्टी इन्टरनेसनल नेपालको ३३ औं साधारण सभा (33rd AGM) **मिति २०८१ मंसिर २९ र ३० गते (२०२४ डिसेम्बर १४ र १५) नवलपरासी, सुस्ता पूर्वमा** आयोजना हुने स्थान, सचिवालयको कार्यालय रहने स्थान र सम्पर्क विवरण तपसिल बमोजिम रहेको व्यहोरा जानकारीका लागि यो परिपत्र प्रेषित गरिएको छ।

एम्नेस्टी इन्टरनेसनल नेपालको ३३ औं साधारण सभा (33rd AGM) उद्घाटन सत्र **२०८१ मंसिर २९ गते दिउँसो १:३०** बजे आयोजना हुनेछ। तसर्थ सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई **२०८१ मंसिर २९ गते मध्यान्ह १२:००** बजेभित्र **द नारायणी रिसोर्ट, नवलपरासी, सुस्ता पूर्वमा** आइपुग्ने गरी आफ्नो यात्राको योजना बनाउनका लागि अनुरोध गरिन्छ।

### १. सचिवालय रहने स्थान

**द नारायणी रिसोर्ट, नवलपरासी, सुस्ता पूर्व**

नवलपरासी बाहिरबाट नवलपरासी आउनुहुने सहभागीहरू नारायणी पुलको पश्चिमतर्फको उत्तरपट्टि खोलाको किनारै किनार करिब ३०० मिटर जति अगाडि जानुपर्नेछ। नारायणी पुलबाट उत्तरतर्फ हेर्दा **द नारायणी रिसोर्टको बोर्ड**लाई सजिलै देख्न सकिन्छ। सम्पर्कका लागि निम्नानुसारको फोन नम्बरमा होटलमा सम्पर्क गर्नुहोला: फोन नं ०७८-५०१३५२

### २. आवास तथा खानाको व्यवस्था

सबै प्रतिनिधिहरूको लागि २०८१ मंसिर २९ गतेको लागि १२ देखि १ बजेसम्म लन्चको व्यवस्था गरिएको छ। उद्घाटन सत्र समापन पश्चात लाइट हाइटिको व्यवस्था गरिएको छ। २९ गतेको डिनर सहितको आवास, मंसिर ३० गतेका लागि ब्रेकफास्ट, लन्च, डिनर सहितको आवास र पौष १ गतेको ब्रेकफास्टको व्यवस्था गरिएको छ।


आवासका लागि होटल व्यवस्थापनले प्रत्येक सहभागीलाई पुरुष/पुरुष र महिला/महिला गरेर डबल वा ट्रिपल सेयरिङ्ग बेसिसमा कोठाहरू उपलब्ध गराउने छ। माथि तोकिएभन्दा बाहेकका खाना, खाजा र पेय पदार्थहरूको भुक्तानी सहभागी स्वयंले गर्नुपर्नेछ।

सहभागीहरूको सङ्ख्या धेरै हुने भएकोले सबै प्रतिनिधि/पर्यवेक्षकहरूलाई एउटै होटलमा आवासको व्यवस्था गर्न असम्भव हुने भएकोले आवासको प्रवन्ध फरक फरक होटलमा होटल व्यवस्थापनले व्यवस्था गरेअनुसार हुनेछ। यसमा कसैलाई कुनै होटल र कसैलाई अन्य कुनै होटल पर्न जाने र कुनै होटलको सुविधा अर्को होटलको भन्दा सामान्य तलमाथि हुन सक्ने कुरालाई आत्मसात गरिदिनुहुन र यसै विषयमा अनावश्यक विवाद, आग्रह, गुनासो र तर्क नगरिदिनुहुन सबै सहभागीहरूलाई अग्रिम सविनय अनुरोध गर्दछौं। सकेसम्म राम्रो व्यवस्थापन गर्ने प्रयत्न हुनेछ र यति हुँदा हुँदै पनि केही तलमाथि हुन गएमा र यसबाट यहाँहरूमा असामान्य असुविधा पुग्न गएमा हामी अग्रिम क्षमायाचना गर्दछौं।

साथै होटलबाट रूम चेकआउट गर्दा होटलको चाबी रिसेप्सनमा नबिर्सिकन बुझाउनुहुन अनुरोध गर्दछौं।

## ३. कार्यक्रमस्थल

साधारण सभाको उद्धाटन सत्र र बन्दसत्र **द नारायणी रिसोर्ट**मा हुनेछ। अन्य होटलबाट कार्यक्रमस्थल हिंडेर बढिमा ५ देखि १० मिनेटमा पुग्न सकिनेछ। हेर्नुहोस् म्यापमा पहेँलो गोलो घेराभित्र।



## ४. सहभागीहरूको नाम दर्ता

एम्नेस्टी इन्टरनेसनल नेपालको तेत्तिसौँ साधारण सभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम दर्ता २०८१ मंसिर २९ गते दिउँसो १:४५ बजेसम्म (बन्द सत्र प्रारम्भ हुने समयभन्दा १५ मिनेट अघि) गरिने भएकोले सम्पूर्ण सहभागीहरूले साधारण सभा स्थलमा उपस्थित भई उक्त समयभित्र एम्नेस्टी नेपालले उपलब्ध गराएको आइडी कार्ड साथमा लिएर आफ्नो नाम दर्ता गराइसकेको हुनुपर्नेछ।

प्रतिनिधिहरूले तोकिएको दर्ता शुल्क उपलब्ध नगराएमा साधारण सभामा सहभागिताका लागि नाम दर्ता गरिने छैन। दर्ताशुल्कसम्बन्धी जानकारीका लागि यस अघि प्रेशित गरिएको सर्कुलर २ हेर्नुहोला।

नाम दर्ताको लागि सचिवालयको टोली कार्यक्रम स्थलमा बिहान ९:०० बजेदेखि स्टयाण्डबाइ रहने व्यहोरा अनुरोध छ।

## (५) पर्यवेक्षक वा स्वयंसेवकका रूपमा थप सहभागी गराउन नसकिने

साधारण सभामा कुनै पनि समूह वा युथ नेटवर्कबाट तोकिएका प्रतिनिधि, पर्यवेक्षक वा स्वयंसेवकका रूपमा सहभागी हुने तथा नेसनल बोर्डले पर्यवेक्षकका रूपमा आमन्त्रण गरेका र अतिथि सहभागीहरू बाहेक अन्य कसैलाई पनि सहभागी गराउन नसकिने व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ।

## (६) मदिरापान गरी हुलहुज्जत गर्न तथा अन्य अवाञ्छित गतिविधिहरू गर्न नहुने

साधारण सभालाई सभामा सहभागी सबैका लागि आ-आफ्नो विचार, भावना र सोच अभिव्यक्त गर्न तथा निर्णयाधिकार प्रयोग गर्न एकदमै "सेफ स्पेस" बनाउनु सभामा सहभागी हुने प्रत्येक व्यक्तिको कर्तव्य हुने भएकोले एकआपसमा सौहार्दपूर्ण, सम्मानित र मर्यादित व्यवहार गर्न तथा कसैमाथि कुनै पनि खालको आपत्तिजनक, प्रतिक्रियात्मक, लाक्षणिक वा सङ्केतात्मक अभिव्यक्ति वा व्यवहार नगर्न अनुरोध छ। दुर्व्यवहारजन्य वा यौनिक हैरानी वा प्रताडना (sexual harassment) जन्य हुन सक्ने कुनै पनि बोली, व्यवहार र आचरण गरेको पाइएमा प्रचलित कानुनबमोजिम हुनेछ। यदि कसैले यस्तो व्यवहार महशुस गर्नुभएमा वा कसैले कसैमाथि यस्तो व्यवहार गरेको देखे, लागे वा पाएमा एम्नेस्टी नेपालको आधारिक इमेल info@amnestynepal.org मा वा सचिवालय वा नेसनल बोर्डलाई लिखित वा मौखिक जानकारी गराउन अनुरोध छ। साथै यसै इमेलसाथ समावेश गरिएको एम्नेस्टी इन्टरनेसनलको यौन दुर्व्यवहारविरुद्धको नीतिलाई गम्भीरताका साथ अध्ययन गर्न अनुरोध गरिन्छ।

## (७) मौसम र हावापानी

जाडो समय भएकोले नवलपरासीको मौसम चिसो हुनेछ त्यसैले न्यानो कपडा साथै बोक्न हुन अनुरोध गरिन्छ।

## (८) बहुमूल्य सरसामानको आफैं हेरचाह गर्नुपर्ने

साधारण सभामा सहभागी हुन आउँदा हिरा, सुन र अन्य महङ्गा र बहुमूल्य गरगहना र सरसामान तथा नगद लिएर नआउनुहोला। आफूसँग भएको नगद, मोबाइल, कम्प्युटर, ल्यापटपलगायत सामग्रीको आफैं जतन र हेरचाह गर्नुहोला। कुनै पनि सामान हराएमा वा टुटफुट भएमा स्वयं आफैं जिम्मेवार हुनुपर्नेछ।

## (९) स्वास्थ्यसम्बन्धी मापदण्डहरू पालना गर्नुपर्ने

कोभिड महामारीमा केही कमी आएको भएपनि डेङ्गु जस्ता रोगहरूको फैलावट अझै कायम रहेकोले लामखुट्टेको टोकाइबाट बच्न ओडोमस जस्ता मस्कुइटो रेपेलेन्ट प्रयोग गर्ने यात्राको क्रममा र सभा स्थलमा स्वास्थ्यसम्बन्धी मास्कको प्रयोग गर्ने, खाने कुराहरूमा विशेष ध्यान दिने लगयातका स्वास्थ्य सावधानीहरू अपनाउनु हुन अनुरोध छ।

## (१०) यातायातको भुक्तानीसम्बन्धी व्यवस्था

एम्नेस्टी नेपालले सहभागीहरूलाई उपलब्ध गराउने यातायात खर्च नेपाल सरकारले तोकेको सार्वजनिक यातायात (बस) भाडाको न्यूनतम दरबमोजिम उपलब्ध गराइने छ। सार्वजनिक यातायात (बस) भन्नाले चलनचल्तीको रुटको बस, मिनिबस वा माइक्रोबसलाई बुझिनेछ। यस प्रयोजनका लागि स्थानीय सवारी साधन खर्चहरू जस्तैः ट्याक्सी, रिक्सा, टेम्पो, पठाओ लगायतका भाडा भने उपलब्ध गराइने छैन।

धन्यवाद,
एम्नेस्टी इन्टरनेसनल नेपाल